# विश्वकर्मा

–जीतबहादुर मानन्धर

विश्वकर्मा भन्नासाथ विश्व अर्थात् स्वर्ग, मर्त्य र पातालका सृष्टिकर्ता भन्ने बुझिन्छ । यिनलाई चारैतिर मुख, आँखा, हात, खुट्टा भएका र कुनै पनि सिर्जनाको वखत आवश्यकतानुसार आफ्ना हात, खुट्टा तथा पखेटाले[1] समेत आकृति मिलाउने सर्वज्ञ देवता भनी चर्चा गरिएको पाइन्छ । यिनी सबका जनक तथा उत्पादक हुन् र साथै आफूले निर्माण गरे जति सबैका रक्षक पनि । भनिन्छ, गर्भमा रहेकै बेलादेखिको, कसको लोग्ने स्वास्नी हुने भन्ने कर्मविधान समेत विश्वकर्माले नै मिलाइदिएको हुन्छ । साथै यिनले विवाहित जोडीलाई सन्तान सुख प्रदान गर्छ ।

सेता वर्णका र जुङ्गा, दाह्री सेतै फुलेका विश्वकर्माका आयुधहरूमा धनुष, वाण, मुङ्ग्रो र तराजु पर्दछन् । त्रिनेत्र भएका[2] यिनले मुकुट पहिरेको हुन्छ तथा हात र गालामा क्रमशः सुनका बाला र हार लगाएको हुन्छ । यिनी हंसारुढ हुन् ।

विश्वकर्मा देवताहरूका प्रधान शिल्पी तथा वास्तुविद् मानिन्छ । यिनलाई देवताहरूका मिस्त्री, अभियन्ता तथा वैज्ञानिक जे भने पनि हुन्छ । महाभारतमा उल्लेख भए अनुसार विश्वकर्मा कलाका अधिपति, सहस्र हस्तकलाका विधायक, सम्पूर्ण आभूषण, भाँडाकुँडाहरूका निर्माता र देवताहरूका मुख्य कर्मी एवं सर्वश्रेष्ठ कालीगढ हुन् । विश्वकर्माले नै सूर्यको आठ खण्डको एक खण्ड ताप ताछेका हुन् र त्यसैद्वारा विष्णुको चक्र, शिवको त्रिशूल, इन्द्रको बज्र, अग्निको बञ्चरो, कुमारको भाला तथा कुवेर लगायत अन्य देव, देवताका अस्त्रहरू बनाएका हुन्। यिनैको सहयोग लिई महामञ्जुश्रीले खड्गाकार रूपमा मञ्जुपत्तन नामक नगर निर्माण गरी बस्ती बसालेका हुन् ।[3] साथै अलकापुरी, इन्द्रप्रस्थ, द्वारिका, लङ्का जस्ता नगरीहरू, देवताहरूका स्वचालित रथहरू, देवताहरूका सभा

---

१. जोन डसन एम. आर. ए. एस.–''ए क्लासिकल डिक्सनरी अफ् हिन्दू माइथोलोजी एण्ड रेलिजन, जोग्राफी, हिष्ट्री एण्ड लिटेचर; रूपा एण्ड को., कलकत्ता, इलाहाबाद, बम्बई, न्यू दिल्ली, सन् १९८२, पृष्ठ ३६३ ।

२. डब्ल्यू जे. विल्किन्स– ''हिन्दू माइथोलोजी'', रूपा एण्ड को., कलकत्ता, इलाहाबाद, बम्बई, दिल्ली, सन् १९८२, द्वितीय संस्करण, पृष्ठ ७७ ।

३. मेरी शेफर्ड स्लूस्सर– ''नेपाल मण्डल, भोलम १'', प्रिन्सटन् युनिभर्सिटी प्रेस, प्रिन्सटन्, न्यूजर्सी, सन् १९८२, पृष्ठ १३० ।

भवनहरू, दीनबन्धु जगन्नाथको मूर्ति बनाउने र अप्सरा तिलोत्तनाको सिर्जना गर्ने समेत विश्वकर्मा नै हुन् भनिन्छ ।

विश्वकर्माको मूलभूत कार्य सिर्जना नै हुँदा यिनलाई प्रजापति पनि भन्दछन् । यिनका अनेकौं नामहरूका धाता, त्वष्टा, कारू, तक्षा, देववर्धिका र सुधनुवान् बढी चल्तीका हुन् । हिन्दू देवदेवताहरूको श्रृङ्खलामा ब्रह्मा, विष्णु र महेश्वरले प्रमुख स्थान ओगट्नुभन्दा पूर्व विश्वकर्मा मात्र सृष्टि एवं स्थितिका नियतकर्ताको रूपमा देखा परेको पाइन्छ । तर पछि गएर रूप, कार्य र वाहन आदिको दृष्टिले यिनलाई ब्रह्मा सादृश्य र ब्रह्माकै अर्को विभेद मान्न थालेको हो । अलि विचार गरी हेर्दा त ब्रह्मा र विश्वकर्माले अहिले आएर क्रमशः आध्यात्मिक र भौतिक सिर्जनासम्बन्धी कामहरू गरिरहेको प्रतीत हुन्छ । त्यस उसले यिनलाई हाल ब्रह्माभन्दा तल्लो स्तरमा व्यवहृत गरिएको पाइन्छ । फेरि, कसै–कसैले त चतुरानन ब्रह्माका प्रत्येक मुखबाट एक, एक देवशिल्पी उत्पन्न भएको र तीमध्ये विश्वकर्मा एक हुन् भनेर समेत चर्चा गरेका छन् ।[4]

"प्रकृतिले समेत कलात्मक रूपमा सिर्जना गरेको यो देशमा ढुङ्गा बोल्छ, काठ र माटोको मूर्तिले सजीवता पाउँछ, कलम चलाउन नजान्ने कलाकारमा साहित्यिकता हुन्छ, एउटा इँटले एउटा बुद्ध जन्माउँछ ।" भनी मैले कालीगढहरूको यो देश सम्बन्धमा धेरै वर्षअघि एउटा सानो अभिव्यक्ति[5] कोरेको थिएँ । आज पनि त्यो उक्ति उत्तिकै शाश्वत सत्य छ र भोलि पनि त्यतिकै सार्थक रहला भन्ने मलाई लाग्छ । किनभने यस देवभूमिमा प्रकृति र पुरुष दुवै कालीगढीपूर्ण छ । त्यसैले त यहाँ सर्वत्र विश्वकर्मै विश्वकर्मा व्याप्त छ तर विविध स्वरूपमा ।

एक लेख[6] अनुसार देवपत्तनस्थित पशुपति मन्दिर र पनौतीको इन्द्रेश्वर महादेव मन्दिरको एक, एक टुँडालमा हिन्दू देवता विश्वकर्माका मूर्ति छन्, जुन हाम्रो सन्दर्भमा कम महत्त्वपूर्ण मान्न सकिन्न । तर विख्यात देवता विश्वकर्माका प्रसिद्ध मन्दिरहरू कहाँ कहाँ पर्दछन्, तिनीहरूको विस्तृत विवरण दिन सक्ने स्थिति अहिले छैन । त्यसो भए तापनि ललितपुरको इखा गल्लीमा अवस्थित विश्वकर्माको मन्दिर अवलोकन गर्दा मन्दिरभित्र मूलतः आकृति विहीन तीन वटा पाषाण गोलाकार प्वालहरू, देवद्वारको तोरणमा खड्ग र मन्दिरको बाह्य माथिको भित्तामा राखिएका धातुका ३ वटा आसन अवस्थाका मूर्तिहरूमध्ये दाहिने गणेश, देब्रे भैरव र बीचमा दायाँ माथिल्लो हातले खड्ग र तल्लो हातले वाण तथा बायाँ माथिल्लो हातले धनु र तल्लो हातले पुस्तक लिएका विश्वकर्मा अङ्कित गरिराखेको देखेको थिएँ । त्यस्तै ललितपुरकै चाकबहिलस्थित प्रसिद्ध कुछेंको भित्र पर्ने एक ताम्रकारको छिंडीको खोपाभित्र आकृतिविहीन पाषाण विश्वकर्मा रहेको र त्यस देवताको धातु निर्मित तोरणमा दायाँ र बायाँ क्रमशः स्थानक अवस्थाका गणेश र महांकाल पर्ने गरी बीचमा बसेका चार वाहु युक्त देवशिल्पीको मूर्ति चित्रण गरिएको छ । यिनका प्रहरणहरू खड्ग, वाण र धनु भर्खरै माथि उल्लेख गरिए अनुसार नै छन् त छातीनेर पुऱ्याइएको चौथो हातचाहिं अभय मुद्रामा छ । ओमबहाल टोल, काठमाडौंमा अवस्थित विकमा बहा (विश्वकर्मा बहाल) अर्थात् मञ्जुश्री नक महाविहारको विश्वकर्मा स्थानमा रहेको ३ वटा पाषाण चित्रणहरूमा दायाँ नैवेद्य राख्ने भाँडा जस्तोमा लड्डु, सादृश्य वस्तुहरूमाथि एउटा मूला, बायाँ पात्र र त्यसमाथि छोपिनै लागेको जस्तो गरी कर्तृ तथा बीचमा पताकायुक्त खड्ग राखिएका र ती प्रतीकात्मक शिला चित्रणहरूको माथि धातु निर्मित तोरणमा पनि उक्त वस्तुहरू अङ्कन

४. मेरी शेफर्ड स्लूस्सर– पूर्ववत्, पृष्ठ ८७ ।

५ जीतबहादुर मानन्धर– "नेपाली कलामा एक दृष्टिकोण", हिमचुली मासिक, वर्ष १, अङ्क १, ललितपुर नगर पालिका, ललितपुर, २०१६ साल फागुन ७, पृष्ठ २६ ।

६. हरिराम जोशी– "हिन्दू देवी देवता", श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, काठमाडौं, वि. सं. २०४० श्रावण, पृष्ठ ६७ ।

गरिएबाट पाटन इखा गल्लीका देवताहरूको स्मरण भएर आउँछ। अझ उक्त विश्वकर्मा मन्दिरको देवद्वारमाथि दायाँ गणेश, बायाँ भैरव र बीचमा मञ्जुश्री पर्ने गरी चित्रकारी गरिएका रङ्गीन चित्रहरू देख्दा त त्यहाँ विश्वकर्माको प्रतिनिधित्व कुन देवताबाट गराइएको भन्ने तथ्य स्पष्टतः बोध हुन्छ।

विश्वकर्माको मूर्ति पूजा कहीं कहीं वार्षिक वा आवधिक रूपले गरिन्छ तथापि भिन्नभिन्न पेशामा लागेका हाम्रा व्यवसायीहरू जस्तै–बाँडाले ह्ंचा, मुङग्रो, खलाँती, चिम्टा, ढक र तराजु; सिकर्मीले मुङग्रो, रण्डा, बसिला र करौंती; डकर्मीले गं चुती र कर्नी; नकर्मीले घन, चिम्टा र खलाँती; बज्रकर्मीले कर्नी; शिलाकारले छिना; चित्रकारले कुची, रङ्ग र रङ्ग राख्ने भेगोट; सूचीकारले सियो, कल र कैंची; कुम्भकारले चा.खः (घट्ट) र चाखः लट्ठी; रञ्जितकारले वसिघः र छापा (ब्लक); राजकर्णिकारले काठको डाडू, तावा, झान्द्रा र चिम्टा; साल्मीले गं, यमा, लाकु, पू, ना आदि; नापितले छुरा र कैंची; किसानले हलो, कुटो र कोदाली; पसलेले ढक, तराजु, माना र पाथी; कसाईले नार्यखि र नायचूपी; पोडेले जाल र बल्छी; विद्यार्थीले किताब र लेखनदास तथा कारिन्दाले कलम पूजा गर्ने चलन हामीकहाँ निकै प्रचलित छ। जीवकोपार्जनको क्रममा अपनाई आएका विविध वृत्तिसंग सम्बन्धित यन्त्र जस्तै– साइकल, मोटर साइकल, ट्र्याक्टर, मोटर, हवाइजहाज, मेशीन, तान आदि र यन्त्रशालामा साल, ज्यासल, ज्याठा, आरन इत्यादि पुज्ने पनि त्यही सांस्कृतिक परम्परा अन्तर्गत परेका हुन् भन्दा अत्युक्ति ठहरोइन।

खास गरेर काठमाडौं उपत्यकाका बासिन्दाहरूमा जुनसुकै विषय वस्तुलाई पनि आफ्नै सांस्कृतिक एवं सामाजिक परिवेशमा ढाल्ने जुन विशिष्ट परम्परा छ, त्यसबाट विश्वकर्मा समेत अछूतो रहन गएको छैन। चन्द्रहास खड्गद्वारा नागन्हृदको पानी बाहिर पठाई काठमाडौं उपत्यकाको सिर्जना गर्ने र त्यहाँ नगर बसाल्ने भनी कहलिएका बोधिसत्त्व महामञ्जुश्रीलाई यहाँका बौद्धमार्गीहरूले विश्वकर्माको रूपमा लिने गर्दछन्। त्यसैले यिनले धारण गर्ने चन्द्रहासकै प्रतीक ज्वालावली वा पताकायुक्त खड्ग बनाई त्यसैलाई विश्वकर्मा मानी पूजा गर्ने चलन समेत छ। नगर निर्माणको सन्दर्भमा संभवतः मञ्जुश्रीद्वारा योजना गर्ने थलो वा ज्यासलको रूपमा प्रयोग गरिएका स्थानहरू– भक्तपुर जिल्लाको ल्हासापाकु[७] र काठमाडौं स्वयम्भूको मञ्जुश्रीस्थान (सरस्वतीस्थान) तथा मञ्जुश्रीले कृषक बनी सिंह शार्दूलद्वारा हलो जोतेको सावाभूमि (हाल सामाखुसी) भन्ने ठाउँ आज पनि नेपाली जनमानसमा पूजनीय रहेका छन्। ल्हासापाकुको स्थानमा दायाँ, बायाँ र बीचमा रहेका प्राकृतिक पाषाण मूर्तिहरूलाई क्रमशः गणेश, महांकाल र महामञ्जुश्री भनी मान्दै आएको तथा त्यहाँको मूल मन्दिरभित्र पाषाण मञ्जुश्रीको अगाडि सिङ्गमरमरका दुई बाहु भएका मञ्जुश्री तथा त्यसको दायाँ र बायाँका भित्ते खोपाहरूमा क्रमैले गणेश र महाङ्काल मूर्तिहरू राखिएबाट समेत विचार गर्दा ललितपुरका हिन्दू धर्मावलम्बी ताम्रकारहरूले विश्वकर्मा भनी पुज्दै आएको देवता त मञ्जुश्री बाहेक अरू कुनै होइनन् भन्ने आधार मिल्न आएको देखिन्छ।

मञ्जुश्रीकै दुई शक्ति वरदा र मोक्षदा क्रमशः धिलाच्वो (ध्यानच्वो) र फूच्वो (फूलचोकी) माजूको नामबाट काठमाडौं उपत्यकाको दक्षिणतिर पर्ने दुई डाँडाका टुप्पाहरूमा विराजमान भएका र ती देवी द्वयलाई कला, कौशल एवं सीपकै देवी तथा सरस्वती स्वरूप मानी पुज्दै आएका छन्। ती दुवै ठाउँहरूमा चढाइराखेका देखिने कपडा बुन्ने तानका लायपू अर्थात् कांगीयाहरूबाट सीपको लागि गरिने आराधना स्थल भन्ने इङ्गित हुन्छ। साथै आफ्ना कुशल हातबाट काठ र हस्तीहाडमा जीवनी सिर्जना गर्न सक्ने तथा वर्तमान पुस्ताका एक सशक्त कलाकार मदन पाख्या[८] त आफूलाई ध्यानच्वो माईबाट प्रेरणा पाएको तथ्य स्वीकार्नु हुन्छ।

७. नेपाल आउँदा महामञ्जुश्रीले महामण्डप डाँडामा रहेको यस स्थानमा रात बिताउनु भएको भनिन्छ।

८. प्र. सं. ध्रुवकृष्ण दीप– "इन्टरभ्यू–मदन पाखे–ए हिडन टालेन्ट अण्डर उड एण्ड आइभरी", नेपाल भीजन, भोलम ३, नंबर ५, ललितपुर, मार्च–अप्रिल १९८६, पृष्ठ ३३–३४ र ३६।

सीपको सम्बर्द्धनमा एकाग्रता, साधना एवं विश्वासको ठूलोभन्दा ठूलो स्थान रहन्छ । त्यसमाथि पनि धर्मभीरु नेपालीहरूको त कुरै छाडौं । यिनीहरू कुनै पनि महत्त्वपूर्ण सिर्जनाको थालनी तन्त्र, मन्त्र, ध्यान, जपतप तथा साधना विना गर्दैनन् । त्यसैले होला आफ्नो कार्य कुशलताको कामनार्थ इष्टदेव सादृश्य भिन्न–भिन्न देवतालाई विश्वकर्माको रूपमा मान्ने गरिआएको ।

माटोका काला भाँडाकुँडा बनाउने भक्तपुरका कुमालेहरू हाँसको मासु खाँदैनन् । कारण, तिनीहरू उक्त पंक्षीलाई गुरु नै ठान्दछन् । विश्वकर्माको एक अर्को प्रसिद्ध नाम प्रजापतिबाटै आफूहरूलाई चिनाउन रूचाउने तिनीहरूले आफ्ना इष्टदेवकै वाहन हाँस हुँदा त्यस प्रकारको व्यवहार चलाएको हुन सक्छ । तर भक्तपुरका अधिकांश प्रजापतिहरू दन्त दुई भएका र तमिल भाषामा भए वलम्बुरि[९] विनायक कहलिने दाहिनेतर्फ सूँड फर्काएका गणेशलाई आफ्नो इष्टदेवता र नासःद्यः (नृत्यनाथ) का अतिरिक्त विश्वकर्मा समेत मान्छन् । केवल भक्तपुरका प्रजापतिहरू मात्र होइनन्, काठमाडौं उपत्यकाका नकर्मीहरूले पनि गणेशलाई नै विश्वकर्माको रूपमा पुज्ने गरेको तथ्य तिनीहरूको आरनमा सबैले देख्ने स्थानमै स्थापना गरिने सिद्धिदाताको मूर्तिबाट स्पष्ट हुन्छ । फेरि, भक्तपुरका चित्रकारहरूको विश्वकर्मा त त्यस नगरको प्रसिद्ध तथा आदि गणेश छुमा गणेश हुन् ।

काठमाडौंका ज्याठा टोलका कुमालेहरू भने गणेशलाई आफ्ना विश्वकर्मा देवताको रूपमा ग्रहण नगरी भैरवलाई मान्ने गर्छन् । गोलमढी टोल, भक्तपुरमा रहेको तेल पेल्ने साल, बनेपा भेकका तैल्यशालाहरू र काठमाडौंका सालहरूमा रहेका विश्वकर्मा अरू कुनै नभई भैरव नै हुन् भनै आकाशतिर मुख फर्काइएका हिटीमंगलाई पनि साल देवताको रूपमा स्थापित गरिराखेको किन नहोस् । त्यति मात्र होइन, ललितपुरका चित्रकार, सिकर्मी, डकर्मी, तण्डुकार, किसानहरू तथा काठमाडौं बलम्बूका कालीगढहरू समेत पाटन थसिखेलस्थित पीठमा आई देवी महालक्ष्मीलाई विश्वकर्मा मानेर आ–आपना कला, कौशलको उन्नति, प्रगति एवं समृद्धिको लागि पूजा, अर्चना तथा आराधना गर्छन् । भक्तपुरमा पनि 'याता' खलकका प्रजापतिहरूले महालक्ष्मीलाई नै विश्वकर्माको रूपमा मान्ने तथ्य यहाँ स्मरणीय छ । साथै तिनीहरूको नासःद्यः र कुल देवता पनि महालक्ष्मी नै हुन् ।

माथिका विवरणहरूबाट नेपालीहरूले पाश्चायन देवताहरूमा पर्ने गणेश र शिवको रौद्र रूपमा लिइने भैरव तथा बौद्ध देवता महामञ्जुश्री र अज्ञानतालाई छेदन गर्ने उनको खड्ग समेतलाई विश्वकर्मा मान्ने गरिआएको कुरो केही हदसम्म भएपनि छर्लङ्गिएको छ । आदिमा कुबेर नै धन द्रव्यका मूल देवता भए तापनि कालान्तरमा लक्ष्मीलाई ऐश्वर्यकी देवी मानिन थालिए झैं शाक्तहरूको प्रभुत्व बढ्दै गएपछि विश्वकर्माको रूपमा देवी महालक्ष्मी र सरस्वती समेत पुजिन गएको तथ्य स्पष्टिन आएको छ । तर विश्वकर्मा पुज्ने खास दिन कुन हो भन्नेतर्फ विचार गर्दा भने तीन दिन टड्कारो रूपले देखापरेका छन् । ती तीन दिनमध्ये एक दिन बूढो विश्वकर्मालाई पूजा गर्ने दिन कन्या संक्रान्तिमा पर्दछ भने अर्को चैते दशैंमा र तेस्रोचाहिं बडा दशैंको महानवमी तिथि । नवमीको दिन यन्त्र र यन्त्रशालालाई क्रमशः विश्वकर्मा र विश्वकर्माको थलो मानी आस्थापूर्वक पुज्ने अत्यन्त लोकप्रिय चलन हाम्रो समाजमा विद्यमान छ । कर्म प्रधान जीवनयापन गर्ने भक्तपुरका कतिपय नरनारीहरू त उक्त दिनलाई महानवमी वा स्याकोटचाको चाडको नामले भन्दा बढी मात्रामा 'तां पूजा यायगु' अर्थात् 'तान पूजा गर्ने' दिनको रूपमा स्मरण गर्छन् ।

---

९. गोविन्द टण्डन "काठमाडौं अधित्यकाका गणेश मूर्तिहरू", नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं, वि. सं. २०४२, पृष्ठ २१ ।